लुम्बिनी प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

# प्रदेश खेलकुद परिषद् लुम्बिनी

PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या :०८२/८३

च. नं.: ९२

मितिः २०८२/१२/१५

श्री कार्यालय प्रमुख ज्यू,
जिल्ला खेलकुद विकास समिति (सबै)।

**विषयः टिम सहभागी गराइदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रदेश खेलकुद परिषद् लुम्बिनीको आयोजनामा लुम्बिनी प्रदेश सरकारका कार्यकारी प्रमुखको पद जोडिएको प्रतिष्ठित खेल प्रतियोगिता, **मुख्यमन्त्री कप प्रदेशस्तरीय भलिबल प्रतियोगिता-२०८२** तपसिल बमोजिम सञ्चालन गरिने भएकोले सम्बन्धित जिल्लाको भलिबल संघको सहकार्यमा खेलाडी छनौट गरी उक्त प्रतियोगितामा टिम सहभागी गराउनुहुन निर्देशानुसार अनुरोध छ। प्रतियोगिता सँग सम्बन्धी नियम र खेलाडी दर्ता फाराम यसै पत्र साथ संलग्न गरी पठाईएको छ।

**तपसिलः**

प्रतियोगिता सञ्चालन मिति: २०८२ चैत्र २५ देखि २८ गते सम्म।

स्थान: दाङ।

टिम दर्ता गर्ने अन्तिम मिति: २०८२ चैत्र २३ गते दिनको १२ बजे सम्म।

पुनश्च: निर्धारित समयमा दर्ता नभएको जिल्लालाई प्रतियोगितामा सहभागी गराईने छैन।

**थप जानकारीका लागि सम्पर्क:**

१. अमृत के.सी.- ९८६९९७०२९१

२. सुरेन्द्र चौधरी - ९८०९८७७१२३

**बोधार्थ:**

श्री लुम्बिनी प्रदेश भलिबल संघ।

श्री जिल्ला भलिबल संघ (सबै)।

अमृत के.सी.

प्रशासन प्रमुख

Email-lumbinisportscouncil@gmail.com, <pscl@lumbini.gov.np>,Phone No: 082-590759

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

**मुख्यमन्त्री कप प्रदेशस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता-२०८२**

**प्रतियोगितासँग सम्बन्धित नियमहरुः**

१. खेल अन्तराष्ट्रिय भलिबल महासंघ (FIVB) को नियमानुसार खेलाइनेछ।

२. खेल लिगकम नक आउटको आधारमा खेलाइनेछ।

३. सहभागी महिला तथा पुरुष टिममा १०/१० जना खेलाडी र १/१ जना टिम प्रशिक्षक हुनेछन्।

४. प्रतियोगिताको उदघाटन समारोह २०८२ चैत्र २५ गते दिउँसो २ बजे हुनेछ। तर खेलहरु तालिका अनुसार नै बिहान ७ बजेदेखि सुरु हुनेछन्।

५. खेल सुरु हुनु भन्दा आधा घण्टा अगावै टिम प्रशिक्षकले अफिसियल डेस्कमा रिपोर्टिङ गर्नु पर्नेछ अन्यथा स्वतः वाक ओभर दिइनेछ।

६. प्रतियोगितामा सहभागी खेलाडी र टिम प्रशिक्षकले दर्ता फाराममा हालसालै खिचेको फोटो टाँस गर्नुपर्नेछ।

७. केही कुरामा बिवाद भएमा प्रदेश खेलकुद परिषद् लुम्बिनीको निर्णय अन्तिम हुनेछ।

८. प्रोटेष्ट गर्न चाहेमा प्रोटेष्ट दस्तुर रु. ५५०० तिरेर खेल समास भएको आधा घण्टाभित्र निवेदन दर्ता गर्न सकिनेछ। छानबिन पश्चात उजुरी सही सावित भएमा पराजित टिमलाई बिजेता घोषणा गरिनेछ। उजुरी गलत सावित भएमा प्रोटेष्ट दस्तुर फिर्ता हुनेछैन।

९. सहभागी टिमबाट खेल्ने खेलाडी सम्बन्धित जिल्लाको हुनु पर्नेछ। खेलाडीले आफ्नो नागरिकता वा ठेगाना खुल्ने सरकारी कागजातको सक्कल प्रमाण-पत्र र सोको प्रतिलिपि अनिवार्य ल्याउनु पर्नेछ। अन्यथा प्रतियोगितामा सहभागी गराइने छैन।

१०. खेल सञ्चालन हुने जिल्ला बाहेक अन्य जिल्लाका खेलाडी र टिम प्रशिक्षकलाई आतेजातेका निम्ति प्रचलित बस भाडा दरमा रकम उपलब्ध गराइनेछ।

११. सहभागी टिमहरुलाई खाना तथा आवास वापत प्रतिदिन प्रतिब्यक्ति रु.१२०० का दरले रकम उपलब्ध गराइनेछ। सहभागी टिमलाई वन डे बिफोरको प्रतिदिन कायम गरिएको खर्चको ५० प्रतिशत उपलब्ध गराइनेछ तर वन डे अफ्टरको कुनै ब्यवस्था गरिएको छैन। प्रतियोगिताबाट बाहिरीएको टिमलाई बाहिरीएको दिन सम्म मात्र सेवा सुविधा उपलब्ध गराइनेछ।

१२. आफ्नो जिल्लाका खेलाडीहरुको खेल हुँदा सोही जिल्लाको रेफ्रीले रेफ्री गर्न पाइने छैन्।

१३. रेफ्रीलाइ प्रति दिन खाना तथा आवास वापत दिनको रु. १२०० को दरले, आतेजाते प्रचलित बस भाडा दरमा र यसको अतिरिक्त रेफ्री गरे वापत प्रतिदिन रु.१००० दरले १५ प्रतिशत कर कट्टी गरी भत्ता उपलब्ध गराइनेछ।

१४. टाइ शिट ड्र चैत्र २४ गते बेलुकी ५ बजे सम्पूर्ण टिम प्रशिक्षक र टिम क्याप्टेनहरुको उपस्थितिमा खेल स्थलमा गरिनेछ।

१५. खेलाडीहरुको खेल पोषाक सम्बन्धित जिल्ला खेलकुद विकास समितिको कार्यालयले ब्यवस्था गर्नुपर्नेछ।

१६. पुरस्कारः

प्रथम पुरस्कार- नगद रु.१०००००/- (एक लाख), मेडल, ट्रफी र प्रमाण-पत्र।

द्धितीय पुरस्कार- नगद रु.६५०००/- (पैसठ्ठी हजार), मेडल, ट्रफी र प्रमाण-पत्र।

तृतीय पुरस्कार- नगद रु.३५०००/- (पैंतिस हजार), मेडल, ट्रफी र प्रमाण-पत्र।

सान्त्वना - नगद रु.१५०००/- (पन्ध्र हजार) र प्रमाण-पत्र।

सर्वोत्कृष्ट खेलाडीलाई नगद रु.१००००/- (दश हजार) मेडल, ट्रफी र प्रमाण-पत्र।

उत्कृष्ट ५ बिधाहरुलाई जनही रु. ५०००/- (पाँच हजार) मेडल, ट्रफी र प्रमाण-पत्र।

**प्रशासन प्रमुख**

# प्रदेश खेलकुद परिषद् लुम्बिनी

## मुख्यमन्त्री कप प्रदेशस्तरीय भलिबल प्रतियोगिता-२०८२

## खेलाडी दर्ता फाराम

फोटो
पासपोट
साइज

खेलाडीको नाम, थर (देवनागरीमा):.................................................................

खेलाडीको नाम थर (अंग्रेजीमा):...................................................................

स्थायी ठेगाना:.....................................................................

अस्थायी ठेगाना:...................................................................

जन्म मिति: ........................नागरिकता नं:.................. शैक्षिक योग्यता:............

तौल:............. उचाइ:.................

अध्ययनरत स्कूल/कलेजको नाम:.....................................................................

खेलाडीको सम्पर्क नं:..................................

बुवाको नाम थर:......................................आमाको नाम थर.........................................

बुवाको सम्पर्क नं:.....................................आमाको सम्पर्क नं........................................

प्रशिक्षकको नाम:......................................प्रशिक्षकको सम्पर्क नं:...................................

**हाल सम्म सहभागी प्रतियोगिताको नाम:**

१.

२.

३.

हाल सम्मको उच्चतम उपलब्धिहरु:

१.

२.

३.

माथि उल्लेखित ब्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहर भएमा सहुँला बुझाउँला।

खेलाडीको हस्ताक्षर:

| | |
|---|---|
| प्रमाणित गर्ने: | प्रमाणित गर्ने: |
| जि.खे.वि.स. अधिकारी | प्रदेश खेलकुद परिषद अधिकारी |
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| मिति: | मिति: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| कार्यालयको छाप: | कार्यालयको छाप: |
| | दर्ता नं: |